# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, साउन १० गते, २०८१ साल (संख्या ३

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको
## सूचना

**सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१**



नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश सरकारको कार्य विभाजनका लागि देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश सरकार (मन्त्रिपरिषद्) लाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(घ) "मन्त्री" भन्नाले मुख्यमन्त्री र मन्त्रीलाई सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र रुपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ।

३. मन्त्रालयः प्रदेशमा अनुसूची -१ मा उल्लेख भए बमोजिमका मन्त्रालय हुनेछन्।

४. कार्यसम्पादनः प्रदेश सरकारको कार्यसम्पादन नियम ३ मा उल्लेख भए बमोजिमका मन्त्रालयहरुबाट हुनेछ।

५. कार्य विभाजनः (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काममा हेरफेर गर्न सक्नेछ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक वा एक भन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ।

(४) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काम मध्ये केही काम आफैले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ।

तर सम्बन्धित मन्त्री प्रदेशमा नरहेको अवस्थामा निजको काम कुनै मन्त्रीले वा आफैले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन।

६. मन्त्रीको जिम्मेवारीः (१) नियम ५ बमोजिम आफूलाई तोकिएको कार्य सम्पादन गर्ने वा गराउने जिम्मेवारी र कार्यसम्पादन भए नभएको विषयमा वहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ।

(२) मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण पद तथा गोपनीयताको शपथ लिएको मितिले तीस दिनभित्र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनको लागि तोकिएको ढाँचामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेस गर्नुपर्नेछ।





७. अनुसूचीमा हेरफेरः प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

८. खारेजी र बचाउः (१) सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ खारेज गरिएको छ।

(२) सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम भए गरेका कामकारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

(नियम ३ सँग सम्बन्धित)

प्रदेशमा रहने मन्त्रालयहरु

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ३. | आर्थिक मामिला मन्त्रालय |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ५. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ६. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७. | सामाजिक विकास मन्त्रालय |





अनुसूची -२

(नियम ५ सँग सम्बन्धित)

प्रदेशमा रहने मन्त्रालयहरूको कार्य विभाजन

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(१) प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी,

(२) प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,

(३) प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन,

(४) प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

(५) प्रदेश मन्त्रालयहरुको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,

(६) प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,

(७) प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,

(८) प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,

(९) प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन,

(१०) मानव अधिकारको संरक्षण र प्रवर्द्धन,

(११) सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,

(१२) संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,

(१३) संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन,

(१४) प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

(१५) अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

(१६) प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनी मापदण्ड तर्जुमा र कार्यान्वयन,

(१७) निर्वाचन कार्यमा सहयोग र समन्वय,

(१८) प्रदेशस्तरीय मानव संशाधन विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन,

(१९) प्रदेश निजामती सेवा र प्रदेशस्तरीय अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र अभिलेख व्यवस्थापन,

(२०) प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,

(२१) प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,

(२२) प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम





मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,

(२३) गाउँपालिका र नगरपालिकाको कार्यालय तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा,

(२४) मुख्यमन्त्री तथा मन्त्रिपरिषद् सम्बन्धी अन्य कार्यहरु।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालय

(१) शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

(२) अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिकस्थल तथा समारोहको सुरक्षा,

(३) संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,

(४) प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन

(५) प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

(६) कानुन, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी,

(७) प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी,

(८) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

(९) आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग,

(१०) प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

(११) सामुदायिक प्रहरी,

(१२) प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

(१३) प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन,

(१४) प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,

(१५) गुनासो र विवाद व्यवस्थापन,

(१६) संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन

(१७) फौजदारी कार्यविधि कानुनको कार्यन्वयन,

(१८) अपराध तथा यातना पीडितको पुनःस्थापना र क्षतिपूर्ति,

(१९) निवारक नजरबन्द र स्थानहद सम्बन्धी,

(२०) अन्तरप्रदेश सम्बन्ध,

(२१) सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन, नियमन तथा जग्गा विवाद समाधान,

(२२) स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय,





(२३) पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तारण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२४) विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२५) उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

(२६) प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

(२७) प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्दबाट पीडित तथा विस्थापित व्यक्तिहरुको पुनःस्थापना,

(२८) सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

(२९) प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

(३०) प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

(३१) प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

(३२) प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन,

(३३) प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन,

(३४) साइबर सुरक्षा अनुगमन,

(३५) छापासञ्चार माध्यमको दर्ता, अनुमति आचार संहिता निर्धारण र अनुगमन अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन,

(३६) प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

(३७) श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम् पारिश्रमिक अनुगमन,

(३८) प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

(३९) केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

(४०) सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

(४१) चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदेश अनुमति र नियमन,

(४२) प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन,

(४३) अन्य प्रदेश मन्त्रालयको कार्य विभाजन नपरेका अन्य विषय।

३. आर्थिक मामिला मन्त्रालय

(१) प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,





(२) प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

(३) प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,

(४) संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

(५) प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,

(६) प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,

(७) प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,

(८) संघीय नीति अनुरुप सहवित्तीयकरण,

(९) प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,

(१०) प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,

(११) प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

(१२) प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,

(१३) प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

(१४) प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,

(१५) घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

(१६) संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तारण,

(१७) राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(१८) संघ र स्थानीय तहसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,

(१९) बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

(२०) प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

(२१) आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

४. <u>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय</u>

(१) व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,

(२) प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क





प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,

(३) ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

(४) नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,

(५) व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,

(६) खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय,

(७) भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी,

(८) कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(९) उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

(१०) प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

(११) औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,

(१२) सार्वजनिक सेवा, अत्यावश्यक  सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(१३) उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

(१४) मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन,

(१५) संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

(१६) उपभोक्ता अदालत गठन र सञ्चालन,

(१७) अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय,

(१८) लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,

(१९) करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२०) संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,

(२१) दामासाहिमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,





(२२) प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

(२३) प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

(२४) संघीय कानुन बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन,

(२५) प्रदेशभित्रका उद्योगहरु र सान, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२६) औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन,

(२७) उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,

(२८) स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन,

(२९) प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन,

(३०) पर्यटक प्रहरी व्यवस्थापन,

(३१) पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी गाइड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,

(३२) प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(३३) वन्यजन्तु र वन पैदावर ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,

(३४) वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन,

(३५) प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,

(३६) हात्तीसार तथा चिडीयाखानाको व्यवस्थापन,

(३७) जडीबुटी खेती प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन,

(३८) वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,

(३९) वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,

(४०) प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखिकरण सम्बन्धी नीति तर्जुमा र व्यवस्थापन,

(४१) प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट,

(४२) प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,

(४३) प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(४४) प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना,

(४५) प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,





(४६) प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,

(४७) प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण,

(४८) प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,

(४९) प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,

(५०) प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

(५१) भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,

(५२) संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण,

(५३) अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन,

(५४) वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बिउ उत्पादन, बिउबगैंचा स्थापना र व्यवस्थापन,

(५५) प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(५६) प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावर व्यवस्थापन,

(५७) वन्यजन्तु र चराचुरूङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(५८) प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, तथ्याङ्क संकलन, प्रशोधन, सर्वेक्षण, जनशक्ति विकास र उपयोग,

(५९) वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,

(६०) विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चान र व्यवस्थापन,

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(१) कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण,

(३) कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,

(४) कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,

(५) कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,

(६) कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउ बिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्वद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन,





(७) प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर सम्बन्धी,

(८) कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,

(९) कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन,

(१०) कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण,

(११) कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,

(१२) कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,

(१३) कृषि बजार, पूर्वाधार र कृषिफार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन,

(१४) राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

(१५) सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन,

(१६) चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

(१७) कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन,

(१८) भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

(१९) निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,

(२०) जग्गादर्ता, रजिष्ट्रेसन, जग्गा धनी प्रमाण पुर्जा, दाखिला खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

(२१) संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

(२२) नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना,

(२३) क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,

(२४) भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा लगायतका वर्गको बसोबास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२५) सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२६) गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् गुठी तथा गुठी जग्गाको संरक्षण,





अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय,

(२७) सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(२८) सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,

(२९) सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य,

(३०) सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन ।

(३१) गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण।

६. <u>भौतिक पूर्वाधार विकास मन्त्रालय</u>

(१) प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

(२) प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, सवारी चालक अनुमति र नवीकरण,

(३) प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण एवम् अनुगमन तथा नियमन,

(४) वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,

(५) प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

(६) रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,

(७) प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,

(८) प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना तर्जुमा, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,

(९) प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

(१०) उर्जा, विद्युत, सिँचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रर्वद्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,





(११) राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,

(१२) प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरू योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

(१३) प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

(१४) प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

(१५) प्रदेशभित्र भूस्खलन नियन्त्रण,

(१६) मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

(१७) जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन,

(१८) प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन,

(१९) खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२०) सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,

(२१) प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२२) प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन,

(२३) प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,

(२४) प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन,

(२५) प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,

(२६) सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

७. <u>सामाजिक विकास मन्त्रालय</u>

(१) प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(२) शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,





(३) प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(४) प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन एवम् पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण,

(५) प्रदेशस्तरको मानव संशोधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

(६) प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

(७) माध्यमिक तहको परीक्षा व्यवस्थापन,

(८) प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

(९) समाजकल्याण र संघ संस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

(१०) युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,

(११) खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन,

(१२) खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन,

(१३) राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,

(१४) लोपोन्मुख, सीमान्तकृत, गरिब लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,

(१५) सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(१६) प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय,

(१७) रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

(१८) श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन,

(१९) श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,

(२०) औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण,

(२१) कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन,

(२२) स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२३) प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक,





प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

(२४) स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,

(२५) प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

(२६) राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम् खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन अनुमति र नियमन,

(२७) राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संघ संस्था तथा प्रयोगशालाको दर्ता, उद्योग दर्ता, अनुमति र नियमन,

(२८) खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

(२९) राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

(३०) प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,

(३१) औषधि निगरानी (Pharmacovigilance), औषधिको

उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण,

(३२) खोप र परिवार नियोजन,

(३३) संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

(३४) प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन, अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन र सूचना प्रवाह,

(३५) प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

(३६) सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,

(३७) स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

(३८) सर्ने तथा नसर्ने रोग नियन्त्रण रोकथाम,

(३९) राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(४०) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

(४१) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,





(४२) जनसंख्या, बसाइसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय,

(४३) महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(४४) लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय एवम् पुनःस्थापना,

(४५) महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,

(४६) लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण,

(४७) बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनःस्थापना,

(४८) प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,

(४९) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल संरक्षण सम्बन्धी,

(५०) भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(५१) ऐतिहासिक, धार्मिक, सांस्कृतिक र कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,

(५२) प्रदेशस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,

(५३) प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सांस्कृतिक धरोधर सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण,

(५४) धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन,

(५५) संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन।

**आज्ञाले,**
**शिवराम पोखरेल**
**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-